☎ : ०७८-५२०१२६,५२०१०६ (Fax)
**email :** akcnawalparasi@gmail.com

प्रदेश सरकार
प्रदेश नं.५
भुमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र**
नवलपरासी

प.स. ०७५/७६
च.न. १८८

मिति : २०७५/१२/१०

विषय : सूचना टाँस गरी जानकारी पठाई दिनु हुन ।

श्री जिल्ला प्रशासन कार्यालय,नवलपरासी ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, नवलपरासी ।
श्री जिल्ला प्रशासन कार्यालय, रुपन्देही ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, रुपन्देही ।
श्री स्थानीय तहहरु सवै रुपन्देही ।
श्री स्थानीय तहहरु सवै नवलपरासी ।

प्रस्तुत विषयमा कृषि ज्ञान केन्द्र, नवलपरासीको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साधारण कृषि कार्यक्रम अन्तर्गत सहकारी खेती स्कीम कार्यक्रम, सहकारी सिचाई कार्यक्रम, च्याउ टहरो निर्माण कार्यक्रम र थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बगैंचा स्थापना (तन्तु प्रजनन विरुवा र थोपा सिचांई) सञ्चालन गर्नुपर्ने भएकोले उक्त सुचनाहरु यसै पत्र साथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । साथै सूचना सूचना पाटीमा टाँस गरी जानकारी पठाई दिनु हुन अनुरोध छ ।

..........................................
(राममिलन प्रसाद विश्वकर्मा)
प्रमुख

प्रमुख
(रा.प.द्वि.प्रा.)

प्रदेश सरकार
प्रदेश नं ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि ज्ञान केन्द्र
नवलपरासी

Scanned by CamScanner

☎ : ०७८-५२०१२६,५२०१०६ (Fax)
email : akcnawalparasi@gmail.com

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र,
नवलपरासी

मिति : २०७५/१२/१०
प्रथम पटक सूचना प्रकाशित

सूचना ! सूचना !! सूचना !!!

कृषि ज्ञान केन्द्र, नवलपरासीको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार बागवानी विकास कार्यक्रम अर्न्तगत नवलपरासी तथा रुपन्देही जिल्लाको तपसिल बमोजिमका स्थानिय तहहरुमा थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बागैचा स्थापना (तन्तु प्रजनन् विरुवा र थोपा सिंचाईमा ५०% अनुदान) कार्यक्रम संचालन गर्नुपर्ने भएको हुँदा इच्छुक उद्यमी कृषक/कृषक समुह/कृषि फार्म/कृषि सहकारीहरुले मिति २०७५/१२/०८ गतेका दिन प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र कृषि ज्ञान केन्द्र, नवलपरासीमा सम्पर्क गरी निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**क) थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बगैचा स्थापना (तन्तु प्रजनन् विरुवा र थोपा सिंचाईमा ५०% अनुदान) कार्यक्रम :**

आवश्यक क्षेत्रफल : १४ हेक्टर वा २१ बिगाहा

**१.नवलपरासी जिल्लाका स्थानिय तहहरुमा सञ्चालन हुने थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बागैचा स्थापना (तन्तु प्रजनन् विरुवा र थोपा सिंचाईमा ५०% अनुदान) कार्यक्रमको संख्या** : १ वटा प्रति कार्यक्रमको ५०% अनुदान रकम रु.२०,००,०००/-

**२.रुपन्देही जिल्लाका स्थानिय तहहरुमा सञ्चालन हुने थोपा सिंचाईमा आधारित उच्च घनत्व केरा बागैचा स्थापना ( तन्तु प्रजनन् विरुवा र थोपा सिंचाईमा ५०% अनुदान) कार्यक्रमको संख्या** : १ वटा प्रति कार्यक्रमको ५०% अनुदान रकम रु.२०,००,०००/-

**निवेदन साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु :**

१) रु.१०।- को टिकट टाँस गरी तोकिएको अनुसारको अनुसूचि १ बमोजिम निवेदन ।

२) उद्यमी कृषक/ कृषि फार्म / कृषक समुह /कृषि सहकारीहरुको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।

०७५/१२/१०
प्रमुख
(रा.प.द्वि.प्रा.)



Scanned by CamScanner

☎ : ०७८-५२०१२६,५२०१०६ (Fax)
email : akcnawalparasi@gmail.com

प्रदेश सरकार
प्रदेश नं.५
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र,**
नवलपरासी

३) उद्यमी कृषक/ कृषि फार्म / कृषक समुह /कृषि सहकारीहरुको आ.व. २०७४/०७५को लेखा परीक्षण गरेको हुनु पर्ने ।

४) उद्यमी कृषक/ कृषि फार्म / कृषक समुह /कृषि सहकारीहरुको कार्यसमितिको निर्णय प्रतिलिपि हुनु पर्ने ।

५) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

६) सम्वन्धित वडा/ गा.पा./न.पा.का कृषि शाखाको सिफारिस ।

७) कार्यक्रम संचालन हुने स्थलको जग्गाको स्वामित्व देखिने कागजातको प्रतिलिपि वा भाडाको जग्गा भए कम्तीमा ५ वर्षको करारनामा ।

८) आवेदन फारममा कृषक समुह/कृषि सहकारी/उद्यमीको नाम ठेगाना सम्पर्क नं. भाग लिने वाली र क्षेत्रफल उल्लेख हुनुपर्ने ।

**आवश्यक मापदण्ड (शर्त) हरु :**

१ ) तोकिएको क्षेत्र चक्लावन्दी भएको वा एउटै कोरिडोरमा रहेको हुनुपर्नेछ ।

२) सडकको पहुँच,सिँचाई तथा विद्युत उपलब्ध भएको वा हुन सक्ने स्थान हुनुपर्नेछ ।

३) नयाँ क्षेत्र विस्तारलाई प्राथमिकता दिइने छ ।

४) सहभागी हुन पाउने अनुदानग्राही उद्यमी कृषक/ कृषि फर्म / कृषक समुह /कृषि सहकारी ।

५) कम्तीमा उक्त सस्थाका कृषकहरुले कुल संख्याको ५०% केरा खेतीको अनुभव ।

६) विगत २ वर्ष भित्र कम्तीमा २ लाख वा सो भन्दा माथी कुनै सरकारी वा गैर सरकारी संघ संस्थावाट अनुदान रकम प्राप्त नगरेको हुनुपर्ने ।

७) उद्यमी कृषक/ कृषि फार्म / कृषक समुह /कृषि सहकारीहरुले २०७५ साल आषाढ मसान्त सम्ममा दर्ता भएको हुनुपर्ने ।

८) अनुदानग्राही निवेदकले कम्तीमा १४ हेक्टर केरा खेतीको बगैचा स्थापना गर्नु पर्ने ।

९) प्राविधिकको सिफारिस अनुसार उच्च घनत्व केरा बगैचा स्थापना गर्नु पर्ने ।

०७५/१२/१०

(राममिलन प्रसाद विश्वकर्मा)
प्रमुख
प्रमुख (रा.प.द्वि.प्रा.)

Scanned by CamScanner

☎ : ०७८-५२०१०६ ,५२०१२६
email : akcnawalparasi@gmail.com

प्रदेश सरकार

प्रदेश नं.५

भुमि ब्यवस्था,कृषि तथा सहकारी मन्त्रालय

# कृषि ज्ञान केन्द्र,

नवलपरासी (ब.सु.पं.)

च्याउ उत्पादन टहरा निर्माण कार्यक्रम सञ्चालनका लागी प्रस्तावना आव्हवान गरिएको सुचना

मिति : २०७५/१२/१०

कृषि ज्ञान केन्द्र, नवलपरासीको स्वीकृत वार्षिक कार्यक्रम अनुसार आ.व. २०७५/०७६ मा संचालन हुने च्याउ उत्पादन टहरा निर्माण कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समुह, कृषि सहकारी, निजि फर्म तथा उद्यमीहरुले तपशिल बमोजिम कागजातहरु संलग्न गरी सुचना प्रकाशन मितिले १५ दिन भित्र रीतपुर्वक निवेदन कृषि ज्ञान केन्द्रमा दर्ता गराउनुहुन सम्बन्धित सबैका लागि जानकारी गराईन्छ ।

| सि.न. | सञ्चालन हुने कार्यक्रम | कार्यक्रम संख्या | साझेदारीमा उपलब्ध हूने अनुदान | आवेदन पेश गर्न सक्ने जिल्ला/संस्था |
|---|---|---|---|---|
| १ | च्याउ उत्पादन टहरा निर्माण कार्यक्रम (५० प्रतिशत अनुदान) | २ | बढिमा २ लाख ५० हजार पर्नेगरि कुल लागतको ५० प्रतिशत | नवलपरासी (ब.सु.प.)/कृषि समुह, कृषि सहकारी, निजि फर्म तथा उद्यमी |

मापदण्डहरु:

टहरा निर्माण संरचना: स्थानिय स्तरमा उपलब्ध सामाग्रीबाट टहरा निर्माण गनुपर्ने ।

जग्गाको क्षेत्रफल : कम्तीमा ४ कठ्ठा हुनुपर्ने ।

२०७५ असाढ मसान्त भित्र सरकारी निकायमा संस्था दर्ता गरिएको हुनुपर्ने ।

संलग्न हुनुपर्ने कागजातहरु:

१. रु. १० को टिकट टासेको तोकिएको अनुसारको आवेदन १ प्रति ।

२. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

३. २०७५ असाढ मसान्त भित्र सरकारी निकायमा संस्था दर्ता र नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि १ प्रति ।

४. कृषि सहकारी, निजि फर्म तथा उद्यमीहरुको हकमा स्थायी लेखा नम्बर प्रमाणको प्रतिलिपि, कर चुक्ता गरेको प्रमाणको प्रतिलिपि १ प्रति ।

५. कृषक समुह, कृषि सहकारीको हकमा समुह सहकारीको बैठकको निर्णयको प्रतिलिपि १ प्रति ।

६. जग्गाको लालपुर्जा वा कम्तीमा ५ वर्ष सम्मको जग्गा भाडा सम्झौतापत्रको प्रतिलिपि १ प्रति ।

७. निर्माण गरिने पुर्वाधार (टहरा) को डिजाइन तथा स्टीमेट १ प्रति ।

८. सम्बन्धित स्थानिय तह वा वडाको कार्यक्रम सञ्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र १ प्रति ।

प्रमुख ०७५/१२/१०

रामिलन प्रसाद विश्वकर्मा

प्रमुख

(रा.प.द्वि.प्रा.)

Scanned by CamScanner

प्रदेश सरकार
प्रदेश नं. ५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि ज्ञान केन्द्र
नवलपरासी

मिति:२०७५/१२/१०
प्रथम पटक सूचना प्रकाशित

**सूचना !!!** **सूचना !!!** **सूचना !!!**

कृषि ज्ञान केन्द्र, नवलपरासीको आ.व. २०७५/०७६ को वार्षिक स्वीकृत कार्यक्रम को **सहकारी खेती साना सिंचाई कार्यक्रम** अन्तर्गत **सहकारी खेती स्कीम कार्यक्रम, सहकारी सिंचाई कार्यक्रम** संचालन गर्ने लक्ष्य रहेकोले ईच्छुक दलित तथा समाजिक रुपमा विपन्न पिछडिएका जनजाती महिला, सुकुम्वासी, मुक्त र भुमिहिन कृषकहरु संलग्न रहेका कृषि सहकारी संस्थाहरुलाई सहकारी खेती साना सिंचाई कार्यक्रम संचालन गर्नका लागि नवलपरासी अन्तरगतका कार्यक्षेत्र जिल्ला व.सु.प.नवलपरासी र रुपन्देहीका कृषि सहकारी संस्थाहरुलाई १५ दिन भित्र कृषि ज्ञान केन्द्र, नवलपरासीमा प्रस्तावना पेश गर्नको लागि यो सुचना प्रकाशीत गरिएको छ । विस्तृत जानकारीको लागि कृषि ज्ञान केन्द्र, नवलपरासीमा सम्पर्क गर्न सकिने छ ।

## प्रस्तावकासाथ संलग्न गर्नु पर्ने आवश्यक कागजात तथा विवरणहरु :

- कृषि सहकारी संस्थाको दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
- संस्था नविकरणको प्रतिलिपी ।
- जग्गाको स्वामित्व देखाउने हकभोक देखिने लालपुर्जा वा अन्य कागजातहरु सलग्न गर्नु पर्ने छ ।
- संस्थाको स्थाई लेखा नम्वर प्रमाण पत्रको प्रतिलिपी ।
- गत आ.व.को कर चुक्त प्रमाण पत्रको प्रतिलिपि ।
- कृषि ज्ञान केन्द्र बाट उपलव्ध गराईएको निर्धारित ढाचाको निवेदन ।
- सहकारीको लागी विस्तृत प्रस्तावको साथै आ.व.२०७४/०७५को लेखा परिक्षणको प्रतिवेदन पेश गर्नु पर्ने छ ।
- राजस्व वापत फिर्ता नहुने गरी सहकारी खेती साना सिंचाई कार्यक्रम को लागि रु. ३००।– ।
- सम्वन्धित वडा/ गा.पा./न.पा.का कृषि शाखाको सिफारिस ।
- आयोजनाको मोटा मोटी स्टीमेट ।
- सहकारी खेती स्कीम कार्यक्रम संचालनको लागि कृषि सहकारी संस्थाको निर्णय प्रतिलिपी ।
- सहकारी खेती स्कीम कार्यक्रम, सहकारी सिंचाई कार्यक्रम संचालन उपभोक्ता समितिवाट संचालन गर्नु पर्ने छ । आफैले नगरि दोस्रो व्यक्ति वा अन्य संघ संस्था लाई ठेक्का पट्टा दिन पाईने छैन् ।
- आयोजना कुल लागतको कम्तिमा १५ प्रतिशत वरावरको नगद, जिन्सी, स्थानिय श्रम साधन, कृषि सहकारी संस्थाले व्यहोर्नु पर्ने छ ।
- विगत दुई (२)आ.ब. भित्र सिंचाई आयोजना प्राप्त गरेका कृषि सहकारीलाई ग्राहयता दिईने छैन् ।
- कृषि सहकारी संस्थाहरु २०७५ असाढ मसान्त सम्म दर्ता भएको हुनु पर्ने छ ।
- सहकारी खेती साना सिंचाई कार्यक्रमको लागि क्षेत्रफल १० हेक्टर जग्गाको लालपुर्जा वा अन्य कागजातहरु सलग्न गर्नु पर्ने छ ।

...............................
(राममिलन प्रसाद विश्वकर्मा)
प्रमुख
प्रमुख
(रा.प.द्वि.प्रा.)



Scanned by CamScanner

## सहकारी खेती साना सिंचाई कार्यक्रमको लागि मापदण्डहरु

- सहकारी खेती साना सिंचाई कार्यक्रम अन्तर्गत सहकारी खेती स्कीम कार्यक्रम, सहकारी सिंचाई कार्यक्रम संचालन गर्ने लक्ष्य रहेकोले ईच्छुक दलित तथा समाजिक रुपमा विपन्न पिछडिएका जनजाती महिला, सुकुम्बासी, मुक्त र भुमिहिन कृषकहरु संलग्न रहेका कृषि सहकारी संस्थाहरुलाई सहकारी खेती साना सिंचाई कार्यक्रम संचालन गर्ने छन ।
- सहकारी खेती स्कीम कार्यक्रम, सहकारी सिंचाई कार्यक्रम संचालन उपभोक्ता समितिवाट संचालन गर्नु पर्ने छ । आफैले नगरि दोस्रो व्यक्ति वा अन्य संघ संस्था लाई ठेक्का पट्टा दिन पाईने छैन् ।
- आयोजना कुल लागतको कम्तिमा १५ प्रतिशत वरावरको नगद, जिन्सी, स्थानिय श्रम साधन, कृषि सहकारी संस्थाले व्यहोर्नु पर्ने छ ।
- विगत दुई (२)आ.ब. भित्र सिंचाई आयोजना प्राप्त गरेका कृषि सहकारीलाई ग्राहयता दिईने छैन् ।
- कृषि सहकारी संस्थाहरु २०७५ अषाढ मसान्त सम्म दर्ता भएको हुनु पर्ने छ ।
- सहकारी खेती साना सिंचाई कार्यक्रमको लागि क्षेत्रफल १० हेक्टर जग्गाको लालपुर्जा वा अन्य कागजातहरु सलग्न गर्नु पर्ने छ ।

**कार्यक्रम र अनुदान प्रवाहको विवरण :** कार्यक्रम र अनुदान प्रवाहको विवरण तालिका १ बमोजिम हुनेछ ।

| क.स. | कार्यक्रम | संचालन गर्ना सकिने क्रियाकलापहरु | ८५ प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| | सहकारी खेती स्किम कार्यक्रम | **चालु खर्च**<br>यस अन्तरगत बढीमा कुल अनुदान रकमको ३० प्रतिशत निम्न बमोजिमका कार्यको लागि खर्च गर्ने ।<br>सहकारी सचेतना तथा पुर्वा सहकारी शिक्षा तालिम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा प्रणाली सम्बन्धी तालिम, कृषि/पशु तालिम सहकारी सचेतना,<br>तथा पूर्व सहकारी शिक्षा तलिम, सहकारी व्यवस्थापन तालिम, सहकारी लेखा प्रणाली सम्बन्धी तालिम, हकारी व्यवस्थापन तालिम, कृषि/पशु तालिम आदि ।<br>**पुजीगत खर्च :**<br>यस अन्तरगत बढिमा कूल अनुदान रकमको ७० प्रतिशत सम्मा निम्न बमोजिम कार्यका लागि खर्च गर्ने ।<br>जस्तै : औजार,यन्त्र उपकरण, मेशिनरी,पशुवस्तु तथा निर्माण कार्यहरु आदि । | ८५ प्रतिशत | |
| | सहकारी सिचाई कार्यक्रम | ससाना सतह सिचाई प्रणाली संरचनाहरु, बर्षाको पानी जम्मा गर्ने पानी पोखारीहरु,भूमिगत सिचाई प्रणलीहरु, नवीन्तम प्रविधीमा अधारीत सिचाई प्रणली र मर्मत सम्भार। | ८५ प्रतिशत | |

प्रमुख
(रा.प.द्वि.प्रा.)



Scanned by CamScanner